# स्थानीय राजपत्र

हरिनास गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : ४ चित्रेभञ्ज्याङ, स्याङ्गजा, आषाढ १८ गते, २०७७ संख्या : १

## भाग २

स्थानीय सरकार

हरिनास गाउँपालिका

चित्रेभञ्याङ्ग, स्याङ्गजा गण्डकी प्रदेश, नेपाल

**हरिनास गाउँपालिकाद्वारा सर्वसाधारणको लागि प्रकाशित सूचना ।**

**हरिनास गाउँपालिका गाउँ कार्यपालिकाले लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७७ सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

## लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७७

**पृष्ठभूमि:**

नेपालको संविधानमा लैङ्गिक विभेदको अन्त्य गर्न र समतामूलक समावेशी समाज निर्माणका लागि महिलालाई लैङ्गिक भेदभाव बिना वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने लगायतका मौलिक हकको प्रत्याभूत गरी महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव र हिंसा जस्ता जघन्य अपराधलाई दण्डनीय बनाई पीडितलाई क्षतिपूर्ति दिलाउने र शिक्षा, स्वास्थ्य, रोजगारी र

सामाजिक सुरक्षामा विशेष अवसरद्वारा लैङ्गिक तथा यौनिक अल्पसंख्यक माथि हुने सबै प्रकारका हिंसा विभेद र गलत अभ्यासबाट बचाई सामाजिक न्याय र समानता कायम गर्नका लागि यो कार्यवधि तयार गरी लागू गरिएको छ ।

१) **संक्षिप्त नाम र प्रारम्भः** क) यो कार्यविधिको नाम ×लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७७“ रहेको छ ।

ख) यो कार्यविधि हरिनास गाउँ कार्यपालिकाबाट स्वीकृत भएपछि तुरुन्त प्रारम्भ हुनेछ ।

२) **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) “स्थानीय तह” भन्नाले हरिनास गाउँपालिकालाई सम्झनुपर्दछ ।

ख) “कोष” भन्नाले नियम ३ बमोजिमको  लैङ्गिक हिंसा निवारण कोष सम्झनु पर्छ ।

ग) “पीडितलैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७७ भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्छ ।

घ) “स्थानीय उद्धार तथा राहत समितिलैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७७ भन्नाले नियम ८ बमोजिम गठित उद्दार तथा राहत समिति सम्झनु पर्छ ।

ङ) “लैङ्गिक हिंसा” भन्नाले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीति जन्य  लगायत लैङ्गिक आधारमा हुने हिंसा सम्झनु पर्छ ।

३) **कोषको स्थापनाः** १) यस गाउँपालिकामा लैङ्गिक हिंसा निवारण कोष नामको एक कोष स्थापना गरिनेछ ।

२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् ।

क) नेपाल सरकारबाट प्राप्त रकम,

ख) प्रदेश सरकारबाट प्राप्त रकम,

ग) गाउँपालिकाले हरेक वर्षको बजेटबाट छुट्याएको रकम,

घ) विदेशी व्यक्ति अन्तर्राष्ट्रिय संघ संस्था र सरकारबाट प्राप्त रकम,

ङ) स्वदेशी व्यक्ति वा संघ संस्था र सरकारबाट प्राप्त रकम,

च) अन्य कुनै श्रोतबाट यस कोषमा जम्मा हुने गरी प्राप्त रकम,

३) उपनियम २ बमोजिमको रकम छुट्टै बैंक खाता खोली जम्मा गरिनेछ ।

४) कोषको खाता सञ्चलन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

४) **कोषमा रकम जम्मा गर्ने:** महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक व्यक्तिहरुको हक, हितको क्षेत्रमा काम गर्ने गाउँपालिका क्षेत्र भित्र काम गर्ने गैर सरकारी संस्थाहरुको वार्षिक रुपमा गाउँपालिकाले तोके बमोजिमको रकम यस कोषमा जम्मा गर्नुपर्नेछ ।

५) **कोषको उपयोग:** १) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउनेछ ।

क) तत्काल उद्धार गर्न,

ख) औषधि उपचार गर्न,

ग) राहत प्रदान गर्ने तथा आर्थिक सहयोग उपलब्ध गराउने,

घ) कानूनी सहायता मनोवैज्ञानिक उपचार तथा मनोविमर्श प्रदान गर्न,

ङ) कुनै व्यवसाय गर्नको लागि बिउ पूजीको रुपमा प्रदान गर्न,

च) पुनर्स्थापना गराउन,

छ) पीडितको लागि गाउँ कर्यपालिकाले तोके बमोजिमको अन्य काममा ।

२) उपनियम १)

३) मा जुन सुकै कुरा लेखिएको भए तापनि लैङ्गिक हिंसाबाट पीडित महिला बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागू पदार्थ दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

६) **कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने:** १) कोषको रकम नियम ५ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

२) उपनियम १ मा जुनसुकै कुरा लेखिएको भए तापनि उद्धार तथा राहत समितिको बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग गर्न सकिनेछ ।

७) **रकम उपलब्ध गराउने:** पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध

गराउनको लागि गाउँपालिकाले स्थानीय लैङ्गिक हिंसा निवारण कोषमा आवश्यकता अनुसारको रकम निकासा गर्नेछ ।

८) **उद्धार तथा राहत समिति गठनः** १) पीडितलाई तत्काल उद्धार एवम् राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने काम समेतको लागि एक उद्धार तथा राहत समिति रहनेछ ।

२) राहत समितिको गठन देहाय बमोजिम हुनेछः

क) गाउँपालिका उपाध्यक्षः संयोजक

ख) प्रमुख प्रशासमीय अधिकृतः सदस्य

ग) सामाजिक विकास समिति संयोजकः सदस्य

घ आर्थिक प्रशासन शाखा प्रमुखः सदस्य

ङ) स्वास्थ्य शाखा प्रमुखः सदस्य

च) इलाका प्रहरी कार्यालयको प्रमुखः सदस्य

छ) महिला तथा बालबालिका शाखा प्रमुखः सदस्य/सचिव

३) समितिले आवश्यक ठानेमा बढीमा २ अन्य विशेषज्ञ व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

४) राहत समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

९) **राहत समितिको काम, कर्तव्य र अधिकारः** राहत समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,

ख) राहत तथा आथिक सहयोग सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन गर्ने गराउने,

ग) पालिका स्तरमा लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विधिन्न संघ संस्था तथा निकाय बीचमा समन्वय गर्ने,

घ) लैङ्गिक हिंसा हुन नदिनको लागि स्थानीय स्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

१०) **राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधारः** १) यस नियमावली बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकम नबढ्ने गरी उपलब्ध गराइनेछ ।

क) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्च बापत प्रति दसन पाँच सय रुपैया र बास बस्नु पर्ने भए सो बापत छुटै रकम दिनु पर्ने भएमा प्रतिदिन एकहजारको दरले बढीमा पाँच हजार रुपैयाँ ।

ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधि उपचार गर्नु पर्ने भएमा अस्पताल आउँदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च बापत प्रति दिन पाँच सय रुपैया अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बढीमा तीन दिनको बास खर्च बापत प्रतिदिन एक हजार रुपैयाँ र उपचार खर्च समेत गरी बढीमा पाँच हजार रुपैयाँ

ग) कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपैयाँमा नबढ्ने गरी लागेको खर्च,

घ) कुनै व्यवसाय गर्नको लागि बीउ पूँजीको रुपमा वस्तुगत तथा नगद अनुदान समेत गरी बढीमा बीस हजार रुपैयाँ,

ङ) पुनर्स्थापनाको लागि बढीमा पाँच हजार रुपैयाँ,

च) राहत समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरी बढीमा दश हजार रुपैयाँ ।

२) उपनियम (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा समितिले त्यस्तो पीडितलाई दुई हजार रुपैयाँमा नबढ्ने गरी मनासिव रकम थप गरी दिन सक्नेछ ।

३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल बाहिर रहे, बसेको पीडितलाई सञ्चालक समितिले तोके बमोजिमको राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ ।

**११) राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्नेः** १) यस नियमावली बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई कार्यालयमा निवेदन दिनुपर्नेछ ।

२) उपनियम (१) बमोजिम प्राप्त निवदन जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा राहत समितिले नियम १० को अधिनमा रही पीडितलाई आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

**११ (क) तत्काल रकम उपलब्ध गराउन सक्ने:** १) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पीडितलाई तत्काल उद्धार औषधि उपचार पुरर्स्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भीर तथा मानवीय क्षति हुने देखिएमा राहत समितिको संयोजकले सो प्रयोजनको लागि कोषबाट पचास हजार रुपैयाँबाट नबढ्ने गरी मनासिव रकम सम्बन्धित पीडितलाई उपलब्ध गराउन सक्नेछ ।

२) उपदफा (१) बमोजिमको अवस्था परी राहत समितिको अध्यक्षबाट पीडितलाई रकम उपलब्ध गराइएकोमा त्यसरी रकम उपलब्ध गराइए पछि बस्ने राहत समितिको बैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ ।

**१२) थप रकम निकासा माग गर्न सक्ने:** १) राहत समितिबाट कार्यालयको नाममा निकासा भएको रकम अपर्याप्त भएमा कार्यलयले सोको कारण खुलाई नगर कार्यापालिकासँग थप रकम माग गर्न सम्नेछ ।

२) उपनियम १ बमोजिम थप रकम माग भई आएमा प्रमुख प्रशासकीय अधिकृतले आवश्यकता र औचित्यता हेरी कोषबाट थप रकम निकासा दिन सक्नेछ ।

**१३) छुट्टै खाता खोल्नु पर्ने:** १ गाउँ सभाबाट कोषको लागि विनियोजित भएको रकम कार्यालयको नाममा कुनै वाणिज्य बैंकमा छुट्टै खाता खोली जम्मा गर्नु पर्नेछ ।

२ उपनियम १ बमोजिममो खाताको सञ्चालन गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखापालको संयुक्त दस्तखतबाट हुनेछ ।

**१४) कोषको लेखा र लेखा परीक्षण:** १) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

२) कोषको लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

**१५) आवर्ति (रिभल्भीङ) कोष:** यो कोष आवर्ति (रिभल्भीङ) कोषको रुपमा रहनेछ।

१६) **प्रतिवेदन पेश गर्ने:** राहत समितिले प्रत्येक छ महिनामा सो समितिबाट भए गरेका काम कारबाहीको प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

१७) **बैठक भत्ता:** राहत समितिका संयोजक वा सदस्यले सो समितिको बैठकमा भाग लिए बापत गाउँ कार्यपालिकाले तोके बमोजिमको बैठक भत्ता पाउनेछन् ।

१८) यस कार्यविधिको व्याख्या र आवश्यकता अनुसार संशोधन गर्ने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ ।

आज्ञाले,
**पर्शुराम उपाध्याय**
प्रमुख प्रशासकीय अधिकृत